# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा दक्षिण एशियाली तरकारी अनुसन्धान योजना तथा परामर्श विषयक कार्यशालामा भाग लिन पाकिस्तानको इस्लामावाद जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा) डा. हेरम्बबहादुर राजभण्डारीलाई मिति २०४७।६।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

अर्थ मन्त्रालयका का.मु.सचिव श्री शशिनारायण शाह विश्व बैंकको वोर्ड अफ गभर्नरको वार्षिक बैठकमा वैकल्पिक गभर्नरको रूपमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४७।६।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारबाट स्तनपान संरक्षण र सम्वर्द्धनसम्बन्धी राष्ट्रिय संहिता २०४७ पौष १७ गते (तदनुसार सन् १९९१ जनवरी १) देखि नेपाल अधिराज्य भरी लागू गर्ने निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।